सर्वोच्च अदालत
फैसला बमोजिम प्रतिलिपि
प्रमाणित गरिदिएको छ।
२०८२/५/०१

श्री सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
फैसला
०७२-CR-१५४२
मुद्दा: वैदेशिक रोजगार कसूर।

सुदन लामासमेतको जाहेरीले नेपाल सरकार..........................................१ — पुनरावेदक वादी

विरुद्ध

जिल्ला कास्की, लेखनाथ नगरपालिका वडा नं. १२ घर भई हाल ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. १० कुपण्डोल स्थित अरवियन इम्प्लोईमेण्ट कन्सल्टेन्सी प्रा.लि. का प्रवन्ध निर्देशक रामबहादुर गुरुङ..........................................१

जिल्ला रामेछाप, रामेछाप गाउँ विकास समिति वडा नं. ९ घर भै हाल ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. १० कुपण्डोल स्थित अरवियन इम्प्लोईमेण्ट कन्सल्टेन्सी प्रा.लि. का संचालक लालबहादुर तामाङ..........................................१

कास्की जिल्ला सिसुवा गाउँ विकास समिति वडा नं. ९ घर भै हाल ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. १० कुपण्डोल स्थित अरवियन इम्प्लोईमेण्ट कन्सल्टेन्सी प्रा.लि. का संचालक ज्ञानकला गुरुङ..............१ — प्रत्यर्थी प्रतिवादी

चितवन जिल्ला भण्डारा गाउँ विकास समिति वडा नं. २ घर भै हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १७ बस्ने सुदिपकान्त मैनाली..........................................१

चितवन जिल्ला भण्डारा गाउँ विकास समिति वडा नं. २ घर भै हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १७ बस्ने सुमनकान्त मैनाली..........................................१

नुवाकोट जिल्ला तुप्चे गाउँ विकास समिति वडा नं. २ घर भै हाल काठमाडौं

जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २९ सामाखुसी बस्ने कुलबहादुर डि.सी...........................................................................................१

सुरु तहमा फैसला गर्ने : माननीय अध्यक्ष श्री सुरेन्द्रवीरसिंह बस्न्यात
सदस्य श्री धीरबहादुर चन्द
वैदेशिक रोजगार न्यायाधिकरण।
२०७२।१।२८

वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७ २।१।२८ को फैसलाउपर वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६ (२) र न्याय प्रशासन ऐन, २०७३ को दफा ९ बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यस प्रकार छः

हामी निवेदकहरुलाई वैदेशिक रोजगारको लागि अष्ट्रेलिया मुलकको P.N.O.Cruse and Company मा काममा लगाईदिने भनी ललितपुर कुपण्डोल स्थित अरवियन कन्सल्टेन्सी प्रा.लि.इ.द.नं.१६१-०५६/०५७ का संचालक रामबहादुर गुरुङले झूठ्ठा आश्वासन दिई प्रलोभन देखाई हामी उजुरीकर्ताहरुसँग फरक-फरक दरमा रकम उठाई उक्त मुलुकमा ५ महिना भित्र वैदेशिक रोजगारमा पठाई सक्ने भनी कागज गरी दिई भाका राखी सो भाका भित्र वैदेशिक रोजगारमा पठाउन नसकेमा रकम फिर्ता दिने र सबै उजूरकर्ताहरुसँग बढी उठाएको रकम १ महिनाभित्र फिर्ता दिने भनी कागज गरेकोमा उक्त अवधी भित्र वैदेशिक रोजगारीमा नपठाएको र रकमसमेत फिर्ता नगरी ठगी गरेकोले निजलाई वैदेशिक रोजगार ऐन बमोजिम कारवाही गरी विगो र हर्जना दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको मिति २०६८।५।२९ को राजेन्द्र देवकोटा समेतको वैदेशिक रोजगार विभागमा परेको उजुरी।

म जाहेरवालालाई वैदेशिक रोजगारको लागि अष्ट्रेलिया मुलुकको P.N.O.Cruse and Company मा काममा लगाईदिने भनी ललितपुर कुपण्डोल स्थित अरवियन कन्सल्टेन्सी प्रा.लि.इ.द.नं. १६१-०५६/०५७ का संचालक रामबहादुर गुरुङले झूठ्ठा आश्वासन दिई प्रलोभन देखाई म उजुरीकर्ताहरुसँग रु.४ लाख ५०. हजार रकम बुझि लिएको र बढी भएको रु.१ लाख १ महिनामा फिर्ता दिने र ५ महिना भित्र वैदेशिक रोजगारमा पठाइसक्ने भनी कागज गरीदिई भाका राखी सो भाका भित्र वैदेशिक रोजगारमा नपठाई

रकम समेत फिर्ता नगरी ठगी गरेकाले निजलाई वैदेशिक रोजगार ऐन बमोजिमको कारवाही गरी विगो हर्जना दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको मिति २०६८।५।२९ को विश्वराज थापाको वैदेशिक रोजगार विभगमा परेको उजुरी।

म जाहेरवालालाई वैदेशिक रोजगारको लागि कुवेत मुलुकमा वैदेशिक रोजगारमा पठाईदिने भनी प्रलोभन देखाई झूठा आश्वासन दिई रकम बुझिलिई वैदेशिक रोजगारमा नपठाई रकम समेत फिर्ता नगरी ठगी गरेकाले रामबहादुर गुरुङलाई पक्राउ गरी वैदेशिक रोजगार ऐन बमोजिम कारवाही गरी विगो हर्जना दिलाई भराई पाउँ भन्नेसमेत व्यहोराको मिति २०६८।८।२५को जाहेरवाला चित्र बहादुर गुरुङको वैदेशिक रोजगार विभागमा परेको उजुरी।।

हामी निवेदकहरुलाई वैदेशिक रोजगारको लागि अष्ट्रेलिया मुलुकको P.N.O.Cruse and Company मा काममा लगाईदिने भनी ललितपुर कुपण्डोल स्थित अरवियन कन्सल्टेन्सी प्रा.लि.इ.द.नं.१६१-०५६/०५७ का संचालक रामबहादुर गुरुङले झुठा आश्वासन दिई प्रलोभन देखाई हामी उजुरीकर्ताहरुसँग फरक-फरक दरमा रकम उठाई ५ महिना भित्र उक्त मुलुकमा वैदेशिक रोजगारमा पठाईसक्ने र बढी उठाएको रकम एक लाख एक महिनाभित्र फिर्ता दिने भनी कागज गरी दिई भाका राखी सो भाका भित्र वैदेशिक रोजगारमा नपठाई रकम समेत फिर्ता नगरी ठगी गरेकोले निजलाई वैदेशिक रोजगार ऐन बमोजिम कारवाही गरी विगो र हर्जना दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको मिति २०६८।५।२९ को दिपेन्द्र गुरुङ समेतको वैदेशिक रोजगार विभागमा परेको उजुरी।

हामी निवेदक रुलाई वैदेशिक रोजगारको लागि अष्ट्रेलिया मुलुकको P.N.O.Cruse and Company मा काममा लगाईदिने भनी ललितपुर कुपण्डोल स्थित अरवियन कन्सल्टेन्सी प्रा.लि. इ.द.नं.१६१-०५६/०५७ का संचालक रामबहादुर गुरुङले झुठा आश्वासन दिई प्रलोभन देखाई हामी उजुरीकर्ताहरुसँग फरक-फरक दरमा रकम उठाई उक्त मुलुकमा ५ महिना भित्र वैदेशिक रोजगारमा पठाईसक्ने र बढी उठाएको रकम एक लाख एक महिनाभित्र फिर्ता दिने भनी कागज गरी दिई भाका राखी सो भाका भित्र वैदेशिक रोजगारमा नपठाई रकम समेत फिर्ता नगरी ठगी गरेकोले निजलाई वैदेशिक रोजगार ऐन बमोजिम कारवाही गरी विगो रु ३१,५०,०००। र हर्जना दिलाई भराई पाउँ

भन्ने समेत व्यहोराको मिति २०६८।५।३० को विष्णकुमार लिम्बू समेतको वैदेशिक रोजगार विभागमा परेको उजुरी।

हामी निवेदकहरुलाई वैदेशिक रोजगारको लागि अष्ट्रेलिया मुलुकको P.N.O.Cruse and Company मा काममा लगाईदिने भनी ललितपुर कुपण्डोल स्थित अरवियन कन्सल्टेन्सी प्रा.लि.इ.द.नं.१६१-०५६/०५७ का संचालक रामबहादुर गुरुङले झुट्ठा आश्वासन दिई प्रलोभन देखाई हामी उजुरीकर्ताहरुसँग जनही रु.४ लाख ५० हजारका दरले जम्मा रु. २२ लाख ५० हजार रकम उठाई उक्त मुलुकमा ५ महिना भित्र वैदेशिक रोजगारमा पठाईसक्ने भनी कागज गरी दिई भाका राखी सो भाका भित्र वैदेशिक रोजगारमा नपठाई रकम समेत फिर्ता नगरी ठगी गरेकोले निजलाई वैदेशिक रोजगार ऐन बमोजिम कारवाही गरी विगो र हर्जना दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको मिति २०६८।६।०१ का यम बहादुर गुरङ समेतको वैदेशिक रोजगार विभागमा परेको उजुरी।

म जाहेरवालाहरुलाई वैदेशिक रोजगारको लागि अष्ट्रेलिया मुलुकको P.N.O.Cruse and Company मा काममा लगाईदिने भनी ललितपुर कुपण्डोल स्थित अरवियन कन्सल्टेन्सी प्रा.लि.इ.द.नं. १६१-०५६/०५७ का संचालक रामबहादुर गुरुङले झुट्ठा आश्वासन दिई प्रलोभन देखाई म उजुरीकर्तासँग रु.४ लाख ५० हजार बुझिलिएको र रु.१ लाख बढी भयो भनी १ महिनामा फिर्ता दिने र ५ महिना भित्र वैदेशिक रोजगारमा पठाईसक्ने भनी कागज गरी दिई भाका राखी सो भाका भित्र वैदेशिक रोजगारमा नपठाई रकम समेत फिर्ता नगरी ठगी गरेकोले निजलाई वैदेशिक रोजगार ऐन बमोजिम कारवाही गरी विगो र हर्जना दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको मिति २०६८।६।०३ को मनोहर पाण्डेको वैदेशिक रोजगार विभागमा परेको उजुरी।

म जाहेरवालाहरुलाई वैदेशिक रोजगारको लागि कुवेत मुलुकमा पठाईदिने भनी ललितपुर कुपण्डोल स्थित अरवियन कन्सल्टेन्सी प्रा.लि.इ.द.नं.१६१-०५६/०५७ का संचालक रामबहादुर गुरुङले झुट्ठा आश्वासन दिई प्रलोभन देखाई म उजुरीकर्तासँग रु.२५ हजार बुझि लिएको तोकिएको अवधिमा वैदेशिक रोजगारमा पठाईसक्ने भनी कागज गरी दिई भाका राखी सो भाका भित्र वैदेशिक रोजगारमा नपठाई रकम समेत फिर्ता नगरी ठगी गरेकोले निजलाई वैदेशिक रोजगार ऐन बमोजिम कारवाही गरी विगो र हर्जना दिलाई

भराई पाउँ भन्ने समेत व्यहोराको मिति २०६८।९।१२ को सपना ठकुरी भन्ने सपना कट्वालको वैदेशिक रोजगार विभागमा परेको उजुरी।

मेरो छोरा उपेन्द्र रिमाललाई वैदेशिक रोजगारको लागि अष्ट्रेलिया मुलुकको P.N.O.Cruse and Company मा काममा लगाईदिने भनी ललितपुर कुपण्डोल स्थित अरवियन कन्सल्टेन्सी प्रा.लि.इ.द.नं.१६१-०५६/०५७ का संचालक रामबहादुर गुरुङले झूठ्ठा आश्वासन दिई प्रलोभन देखाई म उजुरीकर्तासँग रु.४ लाख ५० हजार बुझी लिई ५ महिना भित्र वैदेशिक रोजगारमा पठाईसक्ने भनी कागज गरी दिई भाका राखी सो भाका भित्र वैदेशिक रोजगारमा नपठाई रकम समेत फिर्ता नगरी ठगी गरेकोले निजलाई वैदेशिक रोजगार ऐन बमोजिम कारवाही गरी विगो र हर्जना दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको मिति २०६८।९।१२ को राजेन्द्र रिमालको वैदेशिक रोजगार विभागमा परेको उजुरी।

विपक्षी सुमनकान्त मैनाली र सुदिपकान्त मैनालीले वैदेशिक रोजगारमा जान अभिमुखिकरण तालिमको प्रमाणपत्र दिएकोमा समेत प्रमाणपत्रले कुनै काम नगरेकोले निजहरुलाई वैदेशिक रोजगार ऐन बमोजिम कारबाही गरी हामीहरुको विगो दिलाई भराई पाउँ भन्ने समेत व्यहोरा उजुरीकर्ता दिपेन्द्र गुरुङ समेतको २०६८।९।२८ को वैदेशिक रोजगार विभागमा परेको निवेदन।

विपक्षीहरु कुल बहादुर डि.सी., सुमनकान्त मैनाली र रामबहादुर गुरुङलाई पक्राउ गरी कारबाही गरीपाउँ भन्ने समेत व्यहोराको मिति २०६८।९।२४ को भुपाल गुरुङ समेतको वैदेशिक रोजगार विभागमा परेको निवेदन।

म कुनै पनि मेनपावरसँग सम्बन्धीत छैन, मैले कुनैपनि व्यक्तिलाई विदेश पठाएको पनि छैन, मैले अंग्रेजी भाषाको तालिम दिएको हुँ । उक्त संस्था अप्टिकल एजुकेशन प्रा.लि.ले भाषा तालिम र शैक्षिक परामर्श दिने कार्य मात्र गर्दछ । मेरो भाई सुमनकान्त मैनालीको बारेमा थाहा भएन , जाहेरवालाले मेरो उपर दिएको उजुरीको कुनै तुक छैन, उक्त जाहेरी खारेज गरी पाउँ उजुरीकर्ताले दावी गरेको रकम पढाए वापतको शुल्क हो उक्त रकम सो संस्थाले बुझेको हो भन्ने समेत व्यहोराको सुदिपकान्त मैनालीले मिति २०६८।९।२८ मा वैदेशिक रोजगार विभागमा गरेको वयान।

मैले जाहेरवालाहरुलाई प्रलोभन देखाई झूठ्ठा आश्वासन दिई वैदेशिक रोजगारका लागि अष्ट्रेलियाको P.N.O.Cruse and company मा पठाउने भनी उल्लेख गरेको कुरा झूठ्ठा

हो । मैले कुनै पनि जाहेरवालाहरुसँग रकम उठाएको छैन । जाहेरवालाहरुले के कति कारणले मेरो समेत मिलेमतो छ भनेका हुन मलाई थाहा छैन । सो निवेदनको व्यहोरा सबै झुट्ठा हो । विना प्रमाण र आधार मलाई फसाउन गरेको झूट्ठा निवेदन खारेज गरीपाउँ। मैले कसैसँग रकम उठाई मिलेमतो गरेको ठहरेमा कानून बमोजिम कारवाही भोग्न तयार छु। मेरो अरवियन इम्प्लोईमेण्ट प्रा.लि.का संचालक रामबहादुर गुरुङसँग कुनै सम्बन्ध छैन। मेरो भतिजा दिपक ढुङ्गेललाई समेत निज रामबहादुर गुरुङले अष्ट्रेलियामा पठाईदिन्छु भनेकोले म समेत गई रु.४,५०,०००।-(चार लाख पचास हजार) बुझाएको हो। मेरो भतिजा समेतलाई निज रामबहादुर गुरुङले सिंगापुर लैजान्छु भनी फिलीपीन्स सम्म पुऱ्याई २ महिना राखेर काममा नपठाएपछि फर्किएर आएका हुन । अर्का प्रतिवादी सुमनकान्त मैनालीसँग मेरो चिनजान नै छैन भन्ने समेत व्यहोराको प्रतिवादी कुल वहादुर डि.सी.ले मिति २०६८।१०।३मा वैदेशिक रोजगार विभागमा गरेको बयान।

जाहेरी दरखास्तमा उल्लेखित Optional Education Group नामक कन्सल्टेन्सी कंसका नाममा दर्ता छ, मलाई थाहा भएन, सो कन्सल्टेन्सीमा मेरो सहोदर दाजु सुदिपकान्त मैनालीले टिचिङ गर्दै आउनु भएको छ, निजको सो कन्सल्टेन्सीमा अन्य कुनै संलग्नता छैन। म सन् २००४ देखि बसेको हो, हाल १ वर्ष देखि सिंगारपुरमा EDUPAL Associates नामक शैक्षिक संस्थामा मेनेजर पदमा काम गर्दै आएको हुँदा सो कन्सल्टेन्सीसँग मेरो कुनै संलग्नता छैन सो कन्सल्टेन्सीले गरेको काम वारेमा समेत मलाई केहि थाहा छैन । हाल म गत महिना छुट्टीमा नेपाल आएको हुँ। के कति कारणले जाहेरवालाहरुले मलाई उजुरी गरेका हुन, थाहा भएन। सो कन्सल्टेन्सीसँग मेरो संलग्नता देखिए कानून बमोजिम कारवाही भोग्न तयार छु । मैले जाहेरवालाहरुलाई प्रलोभन देखाई झुट्ठा आश्वासन दिई वैदेशिक रोजागारका लागि अष्ट्रेलियाको P.N.O. Cruse and company मा पठाउन भनी उल्लेख गरेको कुरा झुट्ठा हो । मैले कुनै पनि जाहेरवालाहरुसँग रकम उठाएको छैन । जाहेरवालाहरुले के कति कारणले मेरो समेत मिलेमतो छ भनेका हुन मलाई थाहा छैन । सो निवेदनको व्यहोरा सबै झुट्ठा हो, विना प्रमाण र आधार मलाई फसाउन गरेको झूट्ठा निवेदन खारेज गरीपाउँ। मैले कसैसँग रकम उठाई मिलेमतो गरेको ठहरेमा कानून बमोजिम कारबाही भोग्न तयार छु भन्ने समेत व्यहोराको मिति २०६८।१०।३ मा सुमनकान्त मैनालीले वैदेशिक रोजगार विभागमा गरेको वयान।

यी प्रतिवादीहरु अरवियन कन्सल्टेन्सी प्रा.लि.का संचालक रामबहादुर गुरुङ, संचालक ज्ञानकला गुरुङ र संचालक लाल बहादुर तामाङलाई वैदेशिक रोजगार ऐन,२०६४ को दफा १० र ४४ विपरितको कसूरमा सोहि ऐनको दफा ४४ बमोजिम सजाय गरी पाउँन र प्रतिवादी कुल बहादुर डि.सी.लाई सोही ऐनको दफा १० र ४३ बमोजिमको कसूरमा ऐ ऐनको दफा ४३ बमोजिम सजाय गरी निज प्रतिवादीहरुले जाहेरवालाहरुवाट लिएको जम्मा विगो रु.१,६१,४५,०००।-(एक करोड एकसठ्ठीलाख पैंतालिस हजार) मध्ये रु.३१,७९,०००।-(एकतिस लाख उनान्सी हजार ) जाहेरवालाहरुलाई दामासाहीले फिर्ता भई सकेको र बाँकी रहेको विगो रु.१,२९,६६,०००।-( एक करोड उनन्तीस लाख छैसठ्ठी हजार) र सो को ५०%ले हुने हर्जना रु.६४,८३,०००।-( चौसठ्ठी लाख त्रियासी हजार) समेत गरी जम्मा रु. १,९४,४९,०००।-(एक करोड चौरानव्वे लाख उनन्पचास हजार) प्रतिवादीहरु रामबहादुर गुरुङ, लाल बहादुर तामाङ र ज्ञानकला गुरुङ समेतबाट नियमबमोजिमका जाहेरवालाहरुलाई दिलाई भराई दिन तथा प्रतिवादी सुमनकान्त मैनाली र सुदिपकान्त मैनालीको हकमा हेर्दा निजहरु उपर मिति २०६८।९।२७ मा जाहेरवालाहरु नेत्र बहादुर बि.क.,एकरत्न शर्मा र दिपेन्द्र गुरुङले दिएको जाहेरी अनुसार प्रतिवादी सुमनकान्त मैनाली र सुदिपकान्त मैनालीले निज जाहेरवालाहरुलाई वैदेशिक रोजगारमा पठाउन भनी निजहरुबाट लिएको रु.१८,०००।- ( अठार हजार) नदिई ठगी गरेको र निज प्रतिवादीहरुले वैदेशिक रोजगार व्यवसाय संचालन गर्ने अनुमति समेत नलिएको हुँदा प्रतिवादीहरु सुमनकान्त मैनाली र सुदिपकान्त मैनालीलाई वैदेशिक रोजगार ऐन,२०६४ को दफा १० र ४३ बमोजिमको कसूरमा ऐ ऐनको दफा ४३ बामोजिम सजाय गरी जाहेरवालाहरु नेत्र बहादुर बि.क., एकारत्न शर्मा र दिपेन्द्र गुरुङबाट लिएको रु.१८,०००।-(अठार हजार) र सो को ५०% ले हुने हर्जना रु.९,०००।-( नौ हजार) रुपैया गरी जम्मा रु.२७,०००।-(सत्ताइस हजार ) रुपैया जाहेरवाला नेत्र बहादुर बि.क., एकारत्न शर्मा र दिपेन्द्र गुरुङलाई नियमबमोजिम दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको वैदेशिक रोजगार विभागको तर्फबाट वैदेशिक रोजगार न्यायाधिकरणमा पर्न आएको अभियोगपत्र।

**रामबहादुर गुरुङ, लालबहादुर तामाङ, ज्ञानकला गुरुङ र कूलबहादुर डि.सी. बाट भराईदिनुपर्ने विगो हर्जना।**

| क्र.सं. | नाम, थर | बिगो | हर्जना | जम्मा |
|---|---|---|---|---|
| १ | सुदन लामा | रु.३,७६,५००। | रु.१,८८,२५०। | रु.५,६४,७५०। |
| २ | राजेन्द्र देवकोटा | रु.३,५६,४९९। | रु.१,७८,२४९।५० | रु.५,३४,७४८।५० |
| ३ | विश्वराज थापा | रु.३,५६,४९८। | रु.१,७८२४९। | रु.५,३४,७४७। |
| ४ | भुपेन्द्रसिंह ऐतवाल | रु.३,५६,४९७। | रु.१,७८२४८।५० | रु.५,३४,७४५।५० |
| ५ | रमेश खनाल | रु.३,५६,४९६। | रु.१,७८,२४८। | रु.५,३४,७४४। |
| ६ | कमलबहादुर दाहाल | रु.३,५६,४९५। | रु.१,७८,२४७। | रु.५,३४,७४२।५० |
| ७ | केदारकुमार पाखिन | रु.३,५६,४९४। | रु.१,७८,२४७। | रु.५,३४,७४१। |
| ८ | रमेश आलेमगर | रु.३,५६,४९३। | रु.१,७८,२४६।५० | रु.५,३४,७३४।५० |
| ९ | डबलबहादुर श्रेष्ठ | रु.३,५६,४९२। | रु.१,७८,२४६। | रु.५,३४,७३८। |
| १० | सुरेन्द्र पण्डित | रु.३,५६,४९१। | रु.१,७८,२४५।५० | रु.५,३४,७३६।५० |
| ११ | किशोर बडारी | रु.३,५६,४९०। | रु.१,७८,२४५। | रु.५,३४,७३५। |
| १२ | युवराज गुरुङ | रु.३,७६,४८९। | रु.१,८८,२४४।५० | रु.५,६४,७३३।५० |
| १३ | बज्रमोहन दास | रु.३,७६,४८८। | रु.१,८८,२४४। | रु.५,६४,७३२। |
| १४ | दिपेन्द्र गुरुङ | रु.३,७६,४८७। | रु.१,८८,२४३।५० | रु.५,६४,७३०।५० |
| १५ | कालु तामाङ | रु.३,७६,४८६। | रु.१,८८,२४३। | रु.५,६४,७२९। |
| १६ | रामबहादुर खड्का | रु.३,७६,४८५। | रु.१,८८,२४२।५० | रु.५,६४,७२७।५० |
| १७ | सुनिलबहादुर खड्का | रु.३,७६,४८४। | रु.१,८८,२४२। | रु.५,६४,७२६। |
| १८ | नारायण गिरी | रु.३,७६,४८३। | रु.१,८८,२४१।५० | रु.५,६४,७२४।५० |
| १९ | मिनप्रसाद न्यौपाने | रु.३,७६,४८२। | रु.१,८८,२४१। | रु.५,६४,७२३। |
| २० | एकारत्न शर्मा | रु.३,७६,४८१। | रु.१,८८,२४०।५० | रु.५,६४,७२१।५० |
| २१ | नेत्रबहादुर विश्वकर्मा | रु.३,७६,४८०। | रु.१,८८,२४०। | रु.५,६४,७२०। |
| २२ | मोहन भट्टराई | रु.३,५६,४७९। | रु.१,७८,२३९।५० | रु.५,३४,७१८।५० |
| २३ | विष्णुबहादुर देउजा | रु.३,५६,४७८। | रु.१,७८,२३९। | रु.५,३४,७१७। |
| २४ | जगन्नाथ पौडेल | रु.३,५६,४७७। | रु.१,७८,२३८।५० | रु.५,३४,७१५।५० |
| २५ | विष्णुकुमार लिम्बु | रु.३,५६,४७६। | रु.१,७८,२३८। | रु.५,३४,७१४। |
| २६ | अभिनित घिमिरे | रु.३,५६,४७५। | रु.१,७८,२३७।५० | रु.५,३४,७१२।५० |
| २७ | प्रसिद्ध गुरुङ | रु.३,५६,४७४। | रु.१,७८,२३७। | रु.५,३४,७११। |
| २८ | यमबहादुर गुरुङ | रु.३,५६,४७३। | रु.१,७८,२३६।५० | रु.५,३४,७०९।५० |
| २९ | केशबहादुर गुरुङ | रु.३,५६,४७२। | रु.१,७८,२३६। | रु.५,३४,७०८। |
| ३० | भीमबहादुर गुरुङ | रु.३,५६,४७१। | रु.१,७८,२३५।५० | रु.५,३४,७०६।५० |

| | | | | |
|---|---|---|---|---|
| ३१ | भुपाल गुरुङ | रु.३,५६,४७०। | रु.१,७८,२३५। | रु.५,३४,७०५। |
| ३२ | दिपक ढुङ्गेल | रु.३,५६,४६९। | रु.१,७८,२३४।५० | रु.५,३४,७०३।५० |
| ३३ | अमिर के.सी. | रु.३,५६,४६८। | रु.१,७८,२३४। | रु.५,३४,७०२। |
| ३४ | मनोहर पाण्डे | रु.३,५६,४६७। | रु.१,७८,२३३।५० | रु.५,३४,७००।५० |
| ३५ | सपना ठकुरी | रु.२५,०००। | रु.१२,५००। | रु.३७,५००। |
| ३६ | राजेन्द्र रिमाल | रु.४,५०,०००। | रु.२,२५,०००। | रु.६,७५,०००। |
| ३७ | चित्रबहादुर गुरुङ | रु.१,५०,०००। | रु.७५,०००। | रु.२,२५,०००। |

सुदिपकान्त मैनाली र सुमनकान्त मैनालीबाट भराइदिनुपर्ने विगो हर्जाना।

| क.सं. | नाम, थर | विगो | हर्जाना | जम्मा |
|---|---|---|---|---|
| १ | नेत्रबहादुर वि.क. | रु.६,०००। | रु.३,०००। | रु.९,०००। |
| २ | एकारत्न शर्मा | रु.६,०००। | रु.३,०००। | रु.९,०००। |
| ३ | दिपेन्द्र गुरुङ | रु.६,०००। | रु.३,०००। | रु.९,०००। |
| ४ | जम्मा | रु.१८,०००। | रु.९,०००। | रु.२७,०००। |

जाहेरवाला मध्येका नेत्र बहादुर वि.क.,एकारत्न शर्मा, दिपेन्द्र गुरुङसँग दाई सुदिप कान्तले भाषा सिकाउने अप्टीकल एजुकेशन प्रा.लि. मा दाजुको अनुपस्थितिमा १।२ क्लास लिएको हुँदा सामान्य चिनजान मात्र हो । अन्य जाहेरवाला तथा प्रतिवादीहरुलाई चिनेको छैन । प्रतिवादी मध्येका सुदिपकान्त सहोदर दाई हुनुहुन्छ । उक्त अप्टीकल एजुकेशन प्रा.लि.का संचालक हामी होईनौ। म कहिलेकाही दाईको अनुपस्थितिमा जाने हुँदा संचालक बारे मलाई एकिन थाहा भएन । दाई सुदिपकान्त मैनालीको अनुपस्थितिमा १/२ वटा क्लास लिएको बाहेक मैले कुनै काम गरेको छैन । मैले वैदेशिक रोजगारीमा पठाउने इजाजत लिएको छैन । साथै हाल सम्म कसैलाई पठाएको समेत छैन । मिति २०६८।०५।२९ को वैदेशिक रोजगार विभागमा जाहेरवाला राजेन्द्र देवकोटा, दिपेन्द्र गुरुङ समेतले दिएको जाहेरी व्यहोरा देखाउदा देखे हेरें सुनी पाए उक्त कार्यमा मेरो कुनै संलग्नता नहुँदा मलाई थाहा छैन । मिति २०६८।०५।३० को जाहेरवाला विष्णु कुमार लिम्बु समेतले दिएको जाहेरी देखे सुनी पाए उक्त कार्यमा मेरो कुनै किसिमको संलग्नता नभएकोले मलाई थाहा भएन । जाहेरवाला यम बहादुर गुरुङ समेतले मिति २०६८।०६।०१ गते दिएको जाहेरी व्यहोरा देखे सुनी पाए सो सम्बन्धमा मलाई केही थाहा छैन । जाहेरवाला अमिर के.सी.,मनोहर पाण्डे समेतले मिति २०६८।०६।०३ मा

दिएको जाहेरी व्यहोरा देखे सुनी पाए जाहेरवालाहरुलाई म चिन्दीन पनि तथा मेरो संलग्नता समेत नभएको हुँदा मलाई थाहा छैन । जाहेरवाला चित्र बहादुर गुरुङले मिति २०६८।०८।२५ मा दिएको जाहेरी व्यहोरा देखे सुनि पाए सो सम्बन्धमा मलाई थाहा छैन । जाहेरवाला सपना ठकुरीले मिति २०६८।०९।१२ मा दिएको जाहेरी व्यहोरा देखे सुनि पाए मेरो कुनै संलग्नता नरहेको हुँदा सो बारेमा मलाई केही थाहा छैन । जाहेरवाला राजेन्द्र रिमालले मिति २०६८।०९।१२ मा दिएको जाहेरी व्यहोरा देखे सुनि पाए मेरो संलग्नता नभएकोले मलाई थाहा छैन । जाहेरवाला नेत्रबहादुर बि.क.समेतले मिति २०६८।०९।२७ गते वैदेशिक रोजगार विभागमा दिएको जाहेरी व्यहोरा देखाउदा देखे सुनि पाए, उक्त अप्टिकल एजुकेशन प्रा.लि.को अनुरोधमा मेरो दाजु सुदिपकान्त मैनालीले कहिले काही भाषा तालिम दिने गर्नु हुन्थ्यो, सोही क्रममा दाजुको अनुपस्थितिमा कहिले काही म जाने गर्दथे दावी बमोजिम मैले कुनै रकम जाहेरवालाहरुसँग लिएको छैन। जाहेरी व्यहोरा झुठ्ठा हो । म उपर किन जाहेरी दिए मलाई थाहा छैन । यी जाहेरवालाहरुसँग मेरो कुनै किसिमको लेनदेन कारोबार छैन । अप्टिकल एजुकेशन प्रा.लि.र अरवियन इम्प्लोईमेण्ट कन्सल्टेन्सी प्रा.लि. बीचको सम्बन्धमा मलाई थाहा छैन । उक्त कन्सल्टेनीसँग समेत मेरो कुनै भूमिका छैन । मिति २०६८।१०।०३ मा अनुसन्धान अधिकारी समक्ष गरिएको बयान व्यहोरा सुनाउँदा सुनि पाए व्यहोरा ठिक हो। मिति २०६८।१२।१९ मा वैदेशिक रोजगार विभागमा भएको जाहेरवाला र प्रतिवादी म समेत बीच भएको कागज देखे सुनि पाए सो सहमती पत्र ठिकै हो। अभियोगपत्र बमोजिम मैले कुनै कसूर अपराध नगरेकोले मैले सजाय पाउँनु पर्ने होईन भन्ने समेत व्यहोराको प्रतिवादी सुमनकान्त मैनालीले वैदेशिक रोजगार न्यायाधिकरण समक्ष गरेको बयान।

अप्टीकल एजुकेशन प्रा.लि. हामीले संचालन गरेको होईन । नाम एकिन भएन दिनेश पन्तले संचालन गरेको हुनुपर्छ। त्यहाँ म उक्त एजुकेशन प्रा.लि.को अनुरोधमा भाषा सिकाउने काम गर्थे । मैले वैदेशिक रोजगारीमा पठाउने काम कारोबार नगर्ने भएकोले मैले कुनै इजाजत लिएको छैन । कसैलाई मैले वैदेशिक रोजगारमा पठाएको छैन । मेरो अनुपस्थितिमा भाई सुमनकान्त मैनालीले कहिलेकाही कक्षा लिन्थे ।मिति २०६८।०५।२९ को वैदेशिक रोजगार विभागमा जाहेरवाला राजेन्द्र देवकोटा, दिपेन्द्र गुरुङ समेतले दिएको जाहेरी देखाउदा देखे सुनी पाए। सो बारेमा मलाई केही थाहा छैन। मिति २०६८।५।३० को जाहेरवाला विष्णु कुमार लिम्बु समेतले दिएको जाहेरी दरखास्त

देखाउदा देखे सुनि पाए , सो सम्बन्धमा मेरो कुनै सम्बन्ध नभएकोले मलाई केही थाहा छैन। जाहेवाला यम बहादुर गुरुङ समेतले मिति २०६८।६।१ गते दिएको जाहेरी देखाउदा देखे सुनि पाए सो सम्बन्धमा मलाई केही थाहा छैन ।जाहेरवाला अमिर के.सी.,मनोहर पाण्डे, चित्र बहादुर गुरुङ, सपना ठकुरी, राजेन्द्र रिमाल समेतको जाहेरी व्यहोराको सम्बन्धमा मलाई केही थाहा छैन । जाहेरवाला नेत्रबहादुर वि.क. समेतले मिति २०६८।९।२७ गते वैदेशिक रोजगार विभागमा दिएको जाहेरी व्यहोरा देखाउदा देखे सुनि पाए, अप्टीकल एजुकेशन प्रा.लि.को अनुरोधमा मैले विभिन्न भाषा तालिम लिन आउने व्यक्तिहरुलाई मैले भाषा तालिम र परिक्षा लिने गर्दथे तिनीहरु मध्येमा यी जाहेरवालाहरु भए नभएको एकिन भएन । निजहरुबाट मैले व्यक्तिगत रुपमा कसैसँग आर्थिक कारोबार पैसा लिए दिएको छैन । अप्टीकल एजुकेशन प्रा.लि.सँग जाहेरवालाहरुले दावी गरी जाहेरीमा दावी लिएको रकम फिर्ता लिएको तथा म उपरको दावी समेत फिर्ता लिएको भन्ने बुझेको छु। जाहेरवालाहरु सँग मैले कुनै रकम बुझेको छैन, कुनै पनि किसिमको सम्पर्क छैन, अप्टीकल एजुकेशन प्रा.लि.को तर्फबाट भाषा तालिम सम्म दिएको हुन सक्छु। अभियोग दावी बमोजिम कुनै कसूर नगरेकोले निजहरुले किन म उपर जाहेरी दिए मलाई थाहा भएन। अप्टीकल एजुकेशन प्रा.लि.र अरवियन इम्प्लोइमेण्ट कन्सल्टेन्सी प्रा.लि.बीचको सम्बन्धका बारेमा मलाई केही थाहा छैन। उक्त इम्प्लोईमेण्ट कन्सल्टेन्सीसँग मेरो कुनै काम भुमिका तथा चिनजान समेत छैन । मिति २०६८।९।२८ मा अनुसन्धान अधिकारी समक्ष गरीएको बयान व्यहोरा सुनाउदा सुनि पाए व्यहोरा ठिक हो । मिति २०६८।१२।१९ मा वैदेशिक रोजगार बिभागमा भएको जाहेरवाला र प्रतिवादी म समेत बीच भएको कागज देखे सुनि पाए सो सहमती पत्र ठिकै हो । हामीहरु उपर भुठा उजुरी गरी पछि सो मुद्दामा सामेल नदेखिएको हामी दाजु भाई निर्दोष देखिएको महसुस गरी दुवै जनालाई सफाई दिलाउने भन्ने सहमती कागज गरी वैदेशिक रोजगार विभागमा चढाएका हौ । मेरो व्यक्तिगत रुपमा कुनै संलग्नता नरहेको हुँदा मैले सजाय पाउँनु पर्ने होइन । अभियोग मागदावी बमोजिम मैले कुनै कसूर अपराध गरेको छैन म उपरको अभियोग दावी झूठ्ठा भएको स्वयं जाहेरवालाहरुबाट नै प्रमाणित भै सकेकोले मैले अभियोग दावी बमोजिम जरिवाना, सजाय पाउँनु पर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी सुदिपकान्त मैनालीले वैदेशिक रोजगार न्यायाधिकरण समक्ष गरेको वयान ।

जाहेरवाला मध्येका दिपक ढुङ्गेल मेरो आफ्नै भतिजा हुन। वैदेशिक रोजगारमा विदेश जान अरवियन कन्सल्टेन्सी प्रा.लि.मा रकम बुझाई विदेशबाट फर्की आई यो विषयमा भतिजको पैसा उठाउने क्रममा सोही अरवियन कन्सल्टेन्सी प्रा.लि.मा गएको हुँदा अन्य जाहेरवालाहरुसँग सामान्य चिनजान भएको हो। प्रतिवादी मध्ये रामवहादुर गुरुङसँग भतिजाको रकम बुझाउँदाका बखत देखि सामान्य चिनजान भएको हो। अन्य जाहेरवाला तथा प्रतिवादीसँग नाता तथा रिसइवी केही छैन। वैदेशिक रोजगार सम्बन्धी काम कारोवार गर्ने मैले अनुमति लिएको छैन र कसैलाई वैदेशिक रोजगारमा विदेश आजसम्म पठाएको छैन। जाहेरवाला भुपाल गुरुङ समेतले मिति २०६८।९।२४ मा वैदेशिक रोजगार विभागमा दिएको जाहेरी व्यहोरा देखाउदा देखे सुनि पाए। जाहेरी व्यहोरा मेरो हकमा सम्पूर्ण झुठ्ठा हो। यसमा मेरो कुनै किसिमको मिलेमतो छैन। भतिजाको रुपैया बुझाउदा भेट्ने क्रममा रामबहादुर गुरुङसँग सामान्य चिनजान मात्र भएको अन्य सम्बन्ध, व्यक्तिगत चिनजान समेत नभएकोले मिले-मतो हुने कुरै भएन। कन्सल्टेन्सी बारेमा मलाई पछि थाहा हुन गएको हो। मैले त्यहाँ काम गरेको छैन। दिपकको बाहेक अरुको रकम बुझाउन समेत गएको छैन। वैदेशिक रोजगारमा उक्त कन्सल्टेन्सी मार्फत विदेश गएपछि काम नभएकोले नेपाल फर्की आएपछि कन्सल्टेन्सीमा आफुले दिएको रकम फिर्ता माग्न जाहेरवाला मेरा भतिज समेत अन्य जाहेरवालाहरु कन्सल्टेन्सीमा पुगी पटक पटक छलफलगर्दा पछिल्लो पटक एक हप्तामा रकम फिर्ताको व्यवस्था गर्छु भनी प्रतिवादी रामबहादुरले समय मागेकोमा हुन्छ, त्यसै गरौ भनी मैले सम्झाउने प्रयास गरेको थिए। पछि रामबहादुर गुरुङ कन्सल्टेन्सी कम्पनीमै उपस्थित नभई फरार भएकाले शंका लागि मेरो समेत नाम किटान गरेको हुनुपर्छ मैले कसैसँग रकम लिए खाएको छैन। मेरा भतिजा दिपक ढुङ्गेल र म सँगै गई रु.४,५०,०००।- बुझाएको हो। सो रकम बुझी निज रामबहादुर गुरुङले कागज समेत गरीदिएका छन। अभियोग माग दावी झूठ्ठा हो मैले जाहेरवालासँग कुनै रकम नलिएको नखाएको हुँदा कुनै सजाय हुनु पर्ने होईन भन्ने समेत व्यहोराको प्रतिवादी कुल बहादुर डि.सी. ले वैदेशिक रोजगार न्यायाधिकरण समक्ष गरेको बयान।

प्रतिवादी कुलबहादुर डि.सी. ले जाहेरवाला दिपक ढुङ्गेललाई प्रतिवादी रामबहादुर गुरुङ संचालक गरेको अरवियन इम्प्लोईमेण्ट कन्सल्टेन्सीमा विदेश पठाउने सिलसिलामा रकम बुझाउन त्यस कन्सल्टेन्सीमा लिएर गएका हुन । रकम बुझाएपछि जाहेरवाला

दिपक ढुङ्गेल समेत अन्य जाहेरवाला वैदेशिक रोजगार गएका र भने बमोजिम काम तथा तलव नपाएकोले ४ (चार) महिनामा फिर्ता आएका हुन भन्ने कुरा मलाई जाहेरवाला दिपक ढुङ्गेलले भनेका हुन । यी प्रतिवादी कुल बहादुर डि.सी.ले विदेश पठाउन रकम बुझेको होइनन । रकम फिर्ता गर्ने सिलसिलामा रकम फिर्ता गर्न प्रतिवादी रामबहादुर गुरुङ सहमत भएपछि सम्पर्कमा नआइ फरार भएकोले यी प्रतिवादी कुल बहादुरको पनि संलग्नता छ भन्ने कुरामा शंका गरी उजुरी जाहेरवालाहरुले गरेको हुन । यी प्रतिवादी कुलबहादुर डि.सी.ले वैदेशिक रोजगार पठाउन भनेर रकम लिएको नहुँदा निजलाई सजाय हुन पर्ने होईन भन्ने समेतको प्रतिवादी कुलबहादुर डि.सी.का साक्षी लोक बहादुर ढुङ्गेलले वैदेशिक रोजगार न्यायाधिकरण समक्ष गरेको बकपत्र ।

मिति २०६८।५।२९ गतेको जाहेरी व्यहोरा देखाउदा सुनाउदा सुनी पाए, जाहेरीमा भएको व्यहोरा र सहिछाप मेरो समेत हो । मैले वैदेशिक रोजगारमा अष्ट्रेलियाको P.N.O Cruse and Company मा काममा लगाईदिने भनी अरवियन इम्प्लोईमेन्ट कन्सल्टेन्सीका संचालक रामबहादुर गुरुङलाई रु.४,७०,०००।-(चार लाख सत्तरी हजार) रुपैयाँ बुझाएकोमा सो मध्ये रु.२०,०००।-(विस हजार) ट्रेनिङ बापतको भनेका थिए। मैले भने बमोजिमको काम भएन। उक्त रकम मध्ये रु.९०,०००।-(नव्वे हजार) फिर्ता पाएको हुँ। म समेतका जाहेरवालाहरु समेतलाई वैदेशिक रोजगारमा पठाउन निज प्रतिवादी रामबहादुर गुरुङले रकम बुझी गरी दिएको सक्कल लिखत उजुरी गर्दाका बखत पेश गरी सकेको छौ प्रमाण लगाई पाउँ भन्ने समेत व्यहोराको जाहेरवाला एकारत्न शर्माले वैदेशिक रोजगार न्यायाधिकरण समक्ष गरको बकपत्र।

मैले वैदेशिक रोजगारमा अष्ट्रेलियामा P.N.O Cruse मा कममा जानको लागि प्रतिवादी रामबहादुर गुरुङले भने अनुसार अरवियन इम्प्लोईमेण्ट कन्सल्टेन्सीको नाममा रहेको इन्भेष्टमेण्ट बैंक पुल्चोक शाखामा रहेको वैक खातामा रु.४,५०,०००।-(चार लाख पचास हजार) हालेको हुँ। मैले भनेबमोजिमको काम भएन मैले बुझाएको रकम मध्ये रु.९१,०००।-(एकानव्वे हजार) रुपैया जति फिर्ता पाएको हुँ। याद नभएकोले स्पष्ट फिर्ता पाएको रकम उल्लेख गर्न सकिन। उक्त रकम वैदेशिक रोजगार विभाग मार्फत फिर्ता पाएको हुँ भन्ने समेत व्यहोराको जाहेरवाला भूपेन्द्र सिंह एतवालले वैदेशिक रोजगार न्यायाधिकरण समक्ष गरेको बकपत्र ।

मैले वैदेशिक रोजगारमा अष्ट्रेलियामा P.N.O. Cruse मा लगाईदिने भनी अरवियन इम्प्लोईमेन्ट कन्सल्टेन्सीका संचालक रामबहादुर गुरुङलाई रु.४,७०,०००।-(चार लाख सत्तरी ) हजार रुपैया बुझाएको हुँ। मलाई भनेबमोजिमको काम भएन । मैले बुझाएको रकम मध्ये रु.९०,०००।-(नब्बे हजार) वैदेशिक रोजगार मार्फत फिर्ता पाएको हुँ भन्ने समेत व्यहोराको जाहेरवाला दिपेन्द्र गुरुङले वैदेशिक रोजगार न्यायाधिकरण समक्ष गरेको बकपत्र ।

मिति २०६८।५।२९ गतेको जाहेरी दरखास्त देखाउँदा देखे सुनि पाए उक्त मिति २०६८।५।२९ को जाहेरी दरखास्तमा भएको सहि सनाखत समेत मरो नै हो । मैले पटक पटक गरी रामबहादुर गुरुङलाई रु.२,५०,०००।- ( दुई लाख पचास हजार ) र कुल वहादुर डि.सी.लाई रु.२,००,०००।-( दुई लाख) गरी जम्मा रु. ४,५०,०००/- ( चार लाख पचास हजार) रुपैया वैदेशिक रोजगारीका लागि सिङ्गापुरमा कुक कामका लागि भनी दिएको हुँ। एकिन मिति मलाई थाहा भएन । प्रतिवादीहरुले मलाई फिलिपिन्स सम्म पुऱ्याएका हुन र त्यहा एक महिना कुक सम्बन्धी तालिम समेत गराएका हुन तर सिङ्गापुर पुऱ्याउन सकेनन् र नेपाल फर्कि आएको हुँ । प्रतिवादी रामबहादुर गुरुङ संचालक रहेको अरवियन इम्प्लोइमेण्ट कन्सल्टेन्सी नामका मेनपावर कम्पनी खारेज हँदा सो कम्पनिको धरौटी रकम मध्येबाट मैले श्रम विभागबाट रु.९०,०००।-(नब्बे हजार फिर्ता पाएको छु। मलाई रोजगारीका लागि सिङ्गापुर पनि नपठाएको र मेरो बाँकी पैसा समेत फिर्ता नगँरेको हुँदा प्रतिवादीहरुलाई सजाय हुनुपर्ने हो भन्ने समेत व्यहोराको जाहेरवाला मिन प्रसाद न्यौपानेले वैदेशिक रोजगार न्यायाधिकरण समक्ष गरेको बकपत्र।

हामिले वैदेशिक रोजगार विभागमा मिति २०६८।५।२९ मा दिएको जाहेरीमा भएको म लगाएत साथिहरुले दिएको व्यहोरा सत्य साँचो हो र सोमा भएको सहिछाप समेत मेरो नै हो । मैले वैदेशिक रोजगारीका लागि अष्ट्रेलियाको P.N.O.Cruse and Company मा काम गर्न जाने भनी रामबहादुर गुरुङलाई रु.४,५०,०००(चार लाख पचास हजार) दिएको हुँ। रकम दिए अनुसारको काम भएन। मलाई १(एक) महिना फिलिपिन्समा राखेर त्यहाँबाट अष्ट्रेलियामा लान नसकी नेपाल फर्काइएका हुन। निजको अरवियन इम्प्लोईमेन्ट कन्सल्टेन्सी शाखा खारेज हुँदा रु.९३,०००।-(त्रियानब्बे हजार) फिर्ता पाएको छ । अरु बाँकी रकम छिटो फिर्ता पाउँनु पऱ्यो र प्रतिवादीहरुलाई दण्ड सजाय गर्नु पऱ्यो भन्ने समेत

व्यहोराको जाहेरवाला कमलबहादुर दाहालले वैदेशिक रोजगार न्यायाधिकरण समक्ष गरेको बकपत्र।

मिति २०६८।५।२९ मा दिएको जाहेरी व्यहोरा र सोमा परेको सहिछाप समेत मेरो नै हो । मैले वैदेशिक रोजगारमा अष्ट्रेलियामा पठाउन भनी अरवियन म्यान पावरमा रु.४,५०,०००।-( चार लाख पचास हजार) रकम बुझाएको हुँ। प्रतिवादी म्यान पावरले म बाट रकम लिई मलाई बैदेशिक रोजगारमा भनेको देशमा नपठाई मलाई ठगी गरेको हुन। प्रतिवादीहरुबाट मेरो रकम कानून बमोजिम दिलाई निजहरुलाई कानून बमोजिम सजाय समेत गरी पाऊँ भन्ने समेत व्यहोराको जाहेरवाला रामबहादुर खड्काले मिति २०७१।२।९ मा वैदेशिक रोजगार न्यायाधिकरण समक्ष गरेको बकपत्र।

मिति २०६८।६।३ मा दिएको जाहेरी व्यहोरा र सोमा परेको सहिछाप समेत मेरो नै हो । मैले वैदेशिक रोजगारमा अष्ट्रेलियामा जान भनी अरवियन म्यान पावरमा रु. ४,५०,०००।-( चार लाख पचास हजार) रकम बुझाएको हुँ। प्रतिवादी म्यान पावरले म बाट रकम लिई मलाई बैदेशिक रोजगारमा भनेको देशमा नपठाई मलाई ठगी गरेको हुन। प्रतिवादीहरुबाट मेरो रकम कानून बमोजिम दिलाई निजहरुलाई कानून बमोजिम सजाय समेत गरी पाऊँ भन्ने समेत व्यहोराको जाहेरवाला मनोहर पाण्डेले वैदेशिक रोजगार न्यायाधिकरण समक्ष गरेको बकपत्र ।

मिति २०६८।५।२९ मा दिएको जाहेरी व्यहोरा र सोमा परेको सहिछाप समेत मेरो नै हो। मैले वैदेशिक रोजगारमा अष्ट्रेलियामा जान भनी अरवियन म्यान पावरमा रु.४,५०,०००।-( चार लाख पचास हजार) रकम बुझाएको हुँ। प्रतिवादी म्यान पावरले म बाट रकम लिई मलाई बेदेशिक रोजगारमा भनेको देशमा नपठाई मलाई ठगी गरेको हुन । प्रतिवादीहरुबाट मेरो रकम कानून बमोजिम दिलाई निजहरुलाई कानून बमोजिम सजाय समेत गरी पाऊँ भन्ने समेत व्यहोराको जाहेरवाला सुनिलबहादुर खड्काले वैदेशिक रोजगार न्यायाधिकरण समक्ष गरेको वकपत्र।

मिति २०६८।५।३० मा दिएको जाहेरी व्यहोरा र सोमा परेको सहिछाप समेत मेरो नै हो। मैले वैदेशिक रोजगारमा अष्ट्रेलियामा जान भनी अरवियन म्यान पावरमा रु.४,५०,०००।-( चार लाख पचास हजार) रकम बुझाएको हुँ। प्रतिवादी म्यान पावरले म बाट रकम लिई मलाई वैदेशिक रोजगारमा भनेको देशमा नपठाई मलाई ठगी गरेको हुन । प्रतिवादीहरुबाट मेरो रकम कानून बमोजिम दिलाई निजहरुलाई कानून बमोजिम

सजाय समेत गरी पाऊँ भन्ने समेत व्यहोराको जाहेरवाला प्रसिद्ध गुरुङले वैदेशिक रोजगार न्यायाधिकरण समक्ष गरेको बकपत्र ।

मिति २०६८।५।३० मा दिएको जाहेरी व्यहोरा र सोमा परेको सहिछाप समेत मेरो नै हो । मैले वैदेशिक रोजगारमा अष्ट्रेलियामा जान भनी अरवियन म्यान पावरमा रु. ४,५०,०००।-( चार लाख पचास हजार) रकम बुझाएको हुँ। प्रतिवादी म्यान पावरले म बाट रकम लिई मलाई वैदेशिक रोजगारमा भनेको देशमा नपठाई मलाई ठगी गरेको हुन भन्ने समेत व्यहोराको जाहेरवाला जगन्नाथ पौडेलले वैदेशिक रोजगार न्यायाधिकरण समक्ष गरेको बकपत्र।

मिति २०६८।५।२९ मा दिएको जाहेरी व्यहोरा र सोमा परेको सहिछाप समेत मेरो नै हो । मैले वैदेशिक रोजगारमा अष्ट्रेलियामा जान भनी अरवियन म्यान पावरमा रु.४,५०,०००।-( चार लाख पचास हजार) रकम बुझाएको हुँ। प्रतिवादी म्यान पावरले म बाट रकम लिई मलाई वैदेशिक रोजगारमा भनेको देशमा नपठाई मलाई ठगी गरेको हुन भन्ने समेत व्यहोराको जाहेरवाला नेत्र बहादुर विश्वकर्माले वैदेशिक रोजगार न्यायाधिकरण समक्ष गरेको बकपत्र।

मिति २०६८।५।२९ मा दिएको जाहेरी व्यहोरा र सोमा परेको सहिछाप समेत मेरो नै हो । मैले वैदेशिक रोजगारमा अष्ट्रेलियामा जान भनी अरवियन म्यान पावरमा रु.४,५०,०००।-( चार लाख पचास हजार) रकम बुझाएको हुँ। प्रतिवादी म्यान पावरले म बाट रकम लिई मलाई वैदेशिक रोजगारमा भनेको देशमा नपठाई मलाई ठगी गरेको हुन भन्ने समेत व्यहोराको जाहेरवाला नारायण गिरीले वैदेशिक रोजगार न्यायाधिकरण समक्ष गरेको बकपत्र ।

मिति २०६८।८।२५ मा दिएको जाहेरी व्यहोरा र सोमा परेको सहिछाप समेत मेरो नै हो । मैले वैदेशिक रोजगारमा कुवेत मुलुकमा जान भनी अरवियन म्यान पावरमा रु.१,५०,०००।-( एक लाख पचास हजार) रकम बुझाएको हुँ। प्रतिवादी म्यान पावरले म बाट रकम लिई मलाई वैदेशिक रोजगारमा भनेको देशमा नपठाई मलाई ठगी गरेको हुन भन्ने समेत व्यहोराको जाहेरवाला चित्र बहादुर गुरुङले वैदेशिक रोजगार न्यायाधिकरण समक्ष गरेको बकपत्र ।

फरार प्रतिवादी लालबहादुर तामाङका नाउँमा वैदेशिक रोजगार न्यायाधिकरणबाट जारी भएको म्याद निजको घर दैलामा टांसभै तामेल भएको,त्यस्तै फरार प्रतिवादी

रामबहादुर गुरुङ र ज्ञानकला गुरुङका नाउँमा जारी भएको म्याद वडा समितिको कार्यालयमा टांस भै तामेल भएकोमा निजहरु उपस्थित भएको नदेखिएको ।

प्रतिवादीमध्येका रामबहादुर गुरुङले विभिन्न जाहेरवालाहरुबाट लिखत गरी अस्ट्रेलियामा P.N.O. Cruse and company मा काम लगाउने भनी विभिन्न दरमा रकम बुझी कागज गरिदिएको देखियो। प्रतिवादीमध्येका ज्ञानकला गुरुङ, लालबहादुर तामाङसमेत सोही कम्पनीको संचालक रहेको देखिन्छ। प्रतिवादीहरु रामबहादुर गुरुङ, ज्ञानकला गुरुङ र लालबहादुर तामाङले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४४ बमोजिम कसूर गरेको देखियो। अतः निजहरुलाई ऐ ऐनको दफा ४४ बमोजिम जनही रु.३,००००० । (तीन लाख) मात्र जरिवाना र ३ वर्ष कैद सजाय हुने ठहर्छ। निजहरुले लिखतबमोजिम लिए खाएको जाहेरवालाहरुले दामासाही बमोजिम फिर्ता पाएको बिगो कट्टा गरी अन्य बिगो र सोको ५०% ले हुने हर्जनासमेत उल्लिखित प्रतिवादीहरुबाट जाहेरवालाले भरिपाउँने ठहर्छ। अन्य प्रतिवादीहरु सुदिपकान्त मैनाली, सुमनकान्त मैनाली र कुलबहादुर डि.सी. को हकमा अभियोग माग दावी नपुगी सफाई पाउँने ठहर्छ भन्नेसमेत व्यहोराको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७२।१।२८ को फैसला।

प्रतिवादीहरु रामबहादुर गुरुङ, ज्ञानकला गुरुङ र लालबहादुर तामाङले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४४ बमोजिम कसूर गरेकोले तीन वर्ष कैद र तीन लाख रुपैया जरिवाना गर्ने गरी फैसला गरीएको छ। वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४४ मा "कुनै विभागबाट स्वीकृत नलिई कामदार विदेश पठाएमा वा कुनै इजाजत पत्रवालाले कसैलाई वैदेशिक रोजगारमा लगाइदिन्छु भनी झूठ्ठा आश्वासन दिई वा प्रलोभन देखाई कुनै रकम लिई विदेश नपठाएमा त्यसरी लिएको रकम र सोको पचास प्रतिसतले हुनें रकम भराई त्यस्तो इजाजतपत्रवालालाई तीन लाख रुपैयादेखि पाँच लाख रुपैयासम्म जरिवाना र तीन वर्षदेखि सात वर्षसम्म कैद हुनेछ र त्यस्तो इजाजतपत्रवालाको इजाजतसमेत रद्द हुनेछ" भन्ने कानूनी व्यवस्था रहेकोमा प्रतिवादीहरुलाई मात्र सजाय गरी इजाजतपत्रवालाको इजाजत रद्द नगरीएको फैसला त्रुटिपूर्ण भई बदर भागी छ। प्रतिवादीहरु सुदिपकान्त मैनाली, सुमनकान्त मैनाली र कुलबहादुर डि.सी. को नाममा किटानी जाहेरी दिएको लगायतका मिसिल संलग्न कागजात हुँदाहुँदै सोको मूल्याङ्कन नगरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदर भागी छ।

अतः माथि उल्लिखित आधार प्रमाणहरुबाट वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको उक्त त्रुटिपूर्ण फैसला बदर गरी अरवियन इम्प्लोईमेन्ट कन्सल्टेन्सी प्रा.लि. को इजाजत नं. १९१-०५६।५७ को इजाजत वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४४ बमोजिम इजाजतपत्र रद्द गरी प्रतिवादीहरु सुदिपकान्त मैनाली, सुमनकान्त मैनाली र कुलबहादुर डि.सी. लाई अभियोग मागदावी बमोजिम सजाय गरीपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पर्न आएको पुनरावेदनपत्र।

यसमा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४४ मा इजाजतपत्रवालाको इजाजतपत्र समेत रद्द हुनेछ भन्ने समेतको कानूनी प्रावधान रहेको देखिन्छ। अभियोगपत्र मागदावी ऐ.ऐनको दफा १० र ४४ समेत रहेको अवस्थामा इजाजतपत्रवालाको इजाजतपत्र रद्द तर्फ फैसलामा केही नबोलिएको हुँदा ऐनको दफा ४४ को उल्लिखित कानूनी व्यवस्थाको सन्दर्भमा वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसलामा कानूनी त्रुटी भई प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिंदा अ.बं. २०२ नं. तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ६७ बमोजिम विपक्षी झिकाई आएपछि वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतको आदेश।

यसमा अ.बं.८३ नं. मा विदेश गई फर्की आउने ठेगाना नभएका मानिसको हक पुग्ने जुन सुकै कुरामा नालेस प्रतिउत्तर पुनरावेदन निवेदन दिन वा मुद्दा मामिला सम्बन्धी काम कारवाही गर्नुपर्ने भएमा अड्डाको अनुमति लिई हकवालाले हदम्यादभित्र गर्न पाउँने व्यवस्था भएको पाइन्छ। उक्त कानूनी व्यवस्था हेर्दा फौजदारी मुद्दामा नालिस प्रतिउत्तर पुनरावेदन, निवेदनसमेत गर्न नपाउँने भनी बाहेक गरेको देखिंदैन। प्रतिवादी सुदिपकान्त मैनालीको नाममा यस अदालतबाट अ.बं.२०२ नं. बमोजिमको म्याद सूचना तामेल भएकोमा विवाद छैन। प्रतिवादी सुदिपकान्त मैनाली र सुमनकान्त मैनाली विदेश गएको समयमा निजहरूको नामंको म्याद तामेल भई निजहरू फर्की आउने ठेगान नभएको भन्दै निजहरूका दाजुले दाजुभाइका हकमा मुद्दामा हाजिर भई पुर्पक्ष गर्न अनुमति पाउँन निवेदन गरेको देखिन्छ। म्यादवाला प्रतिवादीहरू विदेश गएको भन्ने कुरा निवेदनसाथ पेश भएको राहदानीको प्रतिलिपिबाट पनि देखिएको छ। यस परिप्रेक्ष्यमा निवेदकले अ.बं.८३ नं. बमोजिम अनुमति मागेकोमा सोही अ.बं.८३ नं. को देहाय ३ र ४ नं. को रीत पुर्याई निवेदकलाई हाजिर भई मुद्दामा पुर्पक्ष गर्न अनुमति दिनुपर्नेमा अनुमति दिन नमिल्ने भनी गरेको सह रजिस्ट्रारबाट मिति २०७४।११।२ मा भएको आदेश यस अदालतबाट

०७१-RE-०१४८ को मुद्दामा मिति २०७१।११।१५ मा भएको आदेश समेतको आधारमा बेरीतको देखिंदा बदर गरीदिएको छ। अब उल्लिखित कानूनी व्यवस्थाबमोजिम जो जे बुझ्नु पर्ने हो बुझी व्यहोरा साँचो देखिन आए प्रतिवादीहरूका हकवाला दाजु सुजीतकान्त मैनालीलाई अ.बं.२०२ नं. को म्याद सूचनाबमोजिम तारेखमा राखी मुद्दामा पुर्पक्ष गर्न दिनू भन्ने मिति २०७४।७।२७ को यस अदालतको आदेश।

नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनुभएका विद्वान उपन्यायाधिवक्ता श्री गोविन्द उपाध्याय प्रतिवादीहरुमध्ये सुदिपकान्त मैनाली, सुमनकान्त मैनाली र कुलबहादुर डि.सी. उपर पनि किटानी जाहेरी परेको र निजहरुको पनि उक्त ठगी कार्यमा संलग्नता रहेको हुँदा अभियोग मागदावी बमोजिम सजाय हुन तथा अरवियन इम्प्लोईमेन्ट कन्सल्टन्सी प्रा.लि.का प्रबन्ध निर्देशक रामबहादुर गुरुङ र सोही संस्थाका संचालक ज्ञानकला गुरुङ र लालबहादुर तामाङलाई कसूरदार ठहऱ्याई सजाय गरेको र कानूनबमोजिम रद्द गर्नुपर्ने इजाजतपत्र रद्द नगरेको हुनाले कानूनी व्यवस्था बमोजिम इजाजतपत्र रद्दसमेत गरीपाउँ भनी गर्नुभएको बहस तथा प्रतिवादीहरु सुदिपकान्त मैनाली र सुमनकान्त मैनालीको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री उद्धवकुमार के.सी. र विद्वान अधिवक्ता श्री कुसुम पराजुलीले प्रतिवादीमध्येका सुदिपकान्त मैनाली पुतलीसडक स्थित अप्टिकल एजुकेसन प्रा.लि.मा भाषा सिकाउने काम गर्ने गरेको र अर्का प्रतिवादी सुमनकान्त मैनाली राजु अनुपस्थित हुँदा उक्त कन्सल्टेन्सी प्रा.लि.मा एक दुई वटा कक्षासम्म लिएका हुन जाहेरवालाले उल्लेख गरेको कार्यमा प्रतिवादीहरुको संलग्नता नभएको हुनाले वैदेशिक रोजगार न्यायाधिकरणबाट सफाई पाउँने गरी भएको फैसला मिलेकै हुँदा सदर गरीपाउँ भनी गर्नुभएको बहस जिकिरसमेत सुनियो।

दुवै पक्षका विद्वान कानून व्यवसायीहरुको बहस जिकिरसमेत सुनी सुरु मिसिल र पुनरावेदन सहितको मिसिल संलग्न सम्पूर्ण कागजातहरु अध्ययन गरी हेर्दा वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला मिलेको छ, छैन ? र वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

निर्णयतर्फ विचार गर्दा, वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७२।१।२८ मा फैसला हुँदा प्रतिवादीहरु रामबहादुर गुरुङ, ज्ञानकला गुरुङ र लालबहादुर तामाङलाई जनही रु.३,००,०००। जरिवाना र ३ वर्ष कैद सजाय हुने र निजहरुले लिखतबमोजिम

लिए खाएको जाहेरवालाहरुले दामासाहीबमोजिम फिर्ता पाएको विगो कट्टा गरी अन्य विगो र सोको ५०% ले हुने हर्जानासमेत प्रतिवादीबाट जाहेरवालाहरुले फिर्ता पाउँने हदसम्म मिलेकै देखिंदा र अन्य प्रतिवादीहरु सुदिपकान्त मैनाली, सुमनकान्त मैनाली र कुलबहादुर डि.सी. ले सफाई पाउने र इजाजतप्राप्त कम्पनीको इजाजत रद्द नहुने गरी भएको फैसलामा चित्त नबुझाई उक्त हदसम्म फैसला बदर गरी अभियोग मागदावी बमोजिम गरीपाउँ भनी वादी नेपाल सरकारको यस अदालतमा पुनरावेदन पर्न आएको देखियो।

ललितपुर कुपण्डोलस्थित अरवियन कन्सल्टेन्सी प्रा.लि.का संचालक रामबहादुर गुरुङले झुठ्ठा आश्वासन दिई प्रलोभन देखाई फरक फरक दरमा रकम उठाई वैदेशिक रोजगारिमा पठाइदिन्छु भनी कागज गरेको र उक्त कागज लिखतमा उल्लेखित म्यादभित्र वैदेशिक रोजगारमा नपठाएको र रकमसमेत फिर्ता नदिई ठगी गरेको हुनाले र विपक्षी सुमनकान्त मैनाली र सुदिपकान्त मैनालीले वैदेशिक रोजगारमा जान अभिमुखिकरण तालिमको प्रमाणपत्र दिएकोमा प्रमाणपत्रले कुनै काम नगरेको हुनाले वैदेशिक रोजगार ऐनबमोजिम कारवाही गरीपाउँ भनी वैदेशिक रोजगार विभागमा विभिन्न मितिमा उजुरी परेपछि प्रस्तुत मुद्दाको उठान भएको पाइन्छ। सोही उजुरीका आधारमा अनुसन्धान तहकीकात भई प्रतिवादीहरु अरवियन कन्सल्टेन्सी प्रा.लि.का संचालकहरु रामबहादुर गुरुङ, ज्ञानकला गुरुङ र लालबहादुर तामाङलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४४ को कसूरमा सोही ऐनको दफा ४४ बमोजिम सजाय गरी पाउँन र प्रतिवादी कुलबहादुर डि.सी. लाई सोही ऐनको दफा १० र ४३ बमोजिमको कसूरमा ऐ ऐनको दफा ४३ बमोजिम सजाय गरी निज प्रतिवादीहरुले जाहेरवालाबाट लिएको जम्मा विगो रु.१,६१,४५,०००।(एक करोड एकसठ्ठी लाख पैतालिस हजार) मध्ये रु.३१,७९,०००।(एकतिस लाख उनान्असी मात्र) जाहेरवालालाई दामासायीले फिर्ता भैसकेको र बाँकी रहेको विगो रु.१,२९,६६,०००।. (एक करोड उनन्तीस लाख छैसठ्ठी हजार) र सो को ५०% ले हुने हर्जाना रु.६४,८३,०००(चौसठ्ठी लाख त्रियासी हजार) समेत गरी जम्मा रु.१,९४,४९,०००। (एक करोड चौरानब्बे लाख उनन्पचास हजार) प्रतिवादीहरु रामबहादुर गुरुङ, ज्ञनकला गुरुङ, लालबहादुर गुरुङ र कूलबहादुर डि.सी. समेतबाट जाहेरवालालाई भराई पाउँन साथै प्रतिवादीहरु सुमनकान्त मैनाली र सुदिपकान्त मैनालीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिमको कसूरमा ऐ ऐनको दफा ४३ बमोजिम सजाय गरी विगो रु.१८०००।(अठार हजार) र सोको ५०%

ले हुने हर्जाना रु.९०००। (नौ हजार) गरी जम्मा रु.२७०००।(सत्ताइस हजार) जाहेरवालाहरुलाई भराई पाउँन अभियोगपत्र दायर भएको देखिन्छ।

अरवियन इम्प्लोईमेन्ट कन्सल्टेन्सी प्रा.लि. इजाजत दर्ता नं. १६१-०५६।५७ मा दर्ता भएको पाइन्छ। प्रतिवादीमध्येका रामबहादुर गुरुङ प्रवन्ध निर्देशक, ज्ञानकला गुरुङ र लालबहादुर तामाङ उक्त कम्पनीका संचालक रहेको पाइन्छ। निजहरुले वैदेशिक रोजगार न्यायाधिकरणबाट जारी भएको सुरु म्याद र यस अदालतबाट विपक्षी झिकाउने आदेश भएपछि जारी भएको म्याद समेत गुजारी बसेको देखिन्छ। निजहरु मुद्दाको अनुसन्धान देखि नै फरार रही वैदेशिक रोजगार न्यायाधिकरणमा समेत आफ्नो भनाई र प्रमाण पेस गरेको पाइदैन। अरवियन इम्प्लोईमेन्ट कन्सल्टेन्सी प्रा.लि. का प्रवन्ध निर्देशक रामबहादुर गुरुङले विभिन्न जाहेरवालाहरुसँग छुट्टाछुट्टै मितिमा लिखत गरी अष्ट्रेलिया, सिङ्गापुर, कुवेत जस्ता मुलुकमा वैदेशिक रोजगारीका लागि पठाइदिन्छु भनी कागज गरेको पाइन्छ। कागज गरेको मितिभित्र निजले निज जाहेरवालाहरुलाई विदेश पठाउन सकेको पाइदैन र कागज गरेर लिएको रकम पनि पुरा फिर्ता दिन सकेको पाइदैन। वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४४ मा "कुनै इजाजत पत्रवालाले विभागबाट स्वीकृति नलिई कामदार विदेश पठाएमा वा कुनै इजाजतपत्रवालाले कसैलाई वैदेशिक रोजगारमा लगाइदिन्छु भनी झूटो आश्वासन दिई वा प्रलोभन देखाई कुनै रकम लिई विदेश नपठाएमा त्यसरी लिएको रकम र सोको पचास प्रतिशतले हुने रकम भराई त्यस्तो इजाजतपत्रवालालाई तीन लाख रुपैयादेखि पाँच लाख रुपैयासम्म जरिवाना र तीन वर्षदेखि सात वर्षसम्म कैद हुने छ र त्यस्तो इजाजतपत्रवालाको इजाजतपत्रसमेत रद्द हुने छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ।

यसरी उक्त कानूनी व्यवस्था हेर्दा कसैले कसैलाई वैदेशिक रोजगारीमा लगाइदिन्छु भनी झूठा आश्वासन दिई कुनै रकम लिई विदेश नपठाएमा अन्य सजायको अतिरिक्त इजाजतपत्रवालाको इजाजत पनि रद्द हुने गरी स्पष्ट कानूनी व्यवस्था गरेको पाइन्छ। अरवियन कन्सल्टेन्सीका प्रबन्ध निर्देशक रमबहादुर गुरुङले आफ्नो कम्पनी मार्फत वैदेशिक रोजगारीमा पठाइदिन्छु भनी विभिन्न व्यक्तिहरुसँग रकम असूल गरी लिएको र भनेको समयभित्र वैदेशिक रोजगारिमा पठाइदिन समेत नसकेको र कागज गरेर लिएको रकम समेत फिर्ता गर्न सकेको पाइएन। कम्पनीका प्रबन्ध निर्देशकले गरेको कार्यमा कम्पनीका अन्य संचालकहरुको पनि सहमति भएको हुनाले उक्त कम्पनीका प्रबन्ध

निर्देशक रामवहादुर गुरुङ संचालकहरु ज्ञानकला गुरुङ र लालबहादुर तामाङलाई वैदिशक रोजगार ऐन, २०६४ को दफा ४४ बमोजिम सजाय गरेको हदसम्म मिलेकै देखिंदा अन्यथा भन्नुपर्ने देखिएन। यसरी संचालकहरु कसूरदार देखिई सजाय समेत भैसकेको अवस्था र ३७ जना पीडितहरुलाई वैदेशिक रोजगारीमा लगाइदिन्छु भनी रकमसमेत लिई वैदेशिक रोजगारमा नलगाई रकमसमेत फिर्ता नदिई गैर जिम्मेवारपूर्ण कार्य गरेकोसमेत देखिंदा अरवियन इम्प्लोईमेन्ट कन्सल्टेन्सी प्रा.लि. को इजाजत दर्ता नं. १६१-०५६।५७ खारेज गर्नुपर्नेमा खारेज नगरेको हदसम्म वैदेशिक रोजगार न्यायाधिकरणको फैसला केही उल्टी भई इजाजतपत्र खारेज हुने ठहर्छ।

जहाँसम्म प्रतिवादीहरु सुदिपकान्त मैनाली, सुमनकान्त मैनाली र कूलबहादुर डि.सी. लाई अभियोग मागदावी बमोजिम सजाय गरीपाउँ भन्ने पुनरावेदन जिकिरतर्फ विचार गर्दा, यी प्रतिवादीहरुले वैदेशिक रोजगार विभागमा बयान गर्दा कसूरमा पूर्ण इन्कारी रही बयान गरेको पाइन्छ। प्रतिवादीहरुले वैदेशिक रोजगार न्यायाधिकरणमा बयान गर्दासमेत अनुसन्धानको क्रममा दिएको बयानलाई समर्थन गर्दै कसूरमा इन्कारी रही बयान गरेको पाइन्छ। प्रतिवादी सुदिपकान्त मैनाली अप्टिकल एजुकेशन प्रा.लि. मा भाषा तालिम दिने गरेको र कहिलेकाही दाइको अनुपस्थितिमा अर्का प्रतिवादी सुमनकान्त मैनाली गई भाषा तालिम दिने गरेको पाइन्छ भने अर्का प्रतिवादी कूलबहादुर डि.सी. जाहेरवाला आफ्ना भतिजा दिपक ढुङ्गेललाई अरवियन इम्प्लोईमेन्ट कन्सल्टेन्सी प्रा.लि. का निर्देशक रामबहादुर गुरुङले अष्ट्रेलियामा पठाइदिन्छु भनेको हुनाले पैसा बुझाउनु भतिजसँग सँगै गएको देखिन्छ। प्रतिवादीहरु उपर किटानी जाहेरी परेको भएतापनि उक्त जाहेरीलाई वस्तुनिष्ट प्रमाणले पुष्टि गरेको पाइदैन। जाहेरी दरखास्त र अभियोगलाई अभियोजन पक्षले शंकारहित तरिकाले पुष्टि गर्नुपर्दछ। फौजदारी मुद्दामा दावी प्रमाणित गर्ने भार वादी पक्षमा रहन्छ। फौजदारी कसूरमा अनुमानको भरमा कोही कसैउपर सजाय गर्नु हुँदैन। जाहेरवालाहरुले पनि वैदेशिक रोजगार न्यायाधिकरणमा बकपत्र गर्दा समेत यी प्रतिवादीहरुले यस्तो कसूर गरेको भनी बकपत्रमा खुलाएको पाइदैन। जाहेरवालाले यी प्रतिवादीहरुको अरवियन इम्प्लोईमेन्ट कन्सल्टेन्सीसँग कुनै सम्बन्ध रहेको कुरा पुष्टि गर्न सकेको पाइदैन। निजहरुले जाहेरवालासँग कुनै रकम बुझी लिएको कागज प्रमाणसमेत पेस गर्न सकेको नपाइदा प्रतिवादीहरु सुदिपकान्त मैनाली सुमनकान्त मैनाली र कूलबहादुर डि.सी. लाई वैदेशिक रोजगार न्यायाधिकरणबाट सफाई दिने गरी भएको फैसला उल्टी गरी

अभियोग मागदावी बमोजिम सजाय गरीपाउँ भन्ने पुनरावेदन जिकिर एवम् विद्वान उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन सकिएन।

अतः माथि उल्लेखित आधार कारण एवम् कानूनी व्यवस्था समेतबाट प्रतिवादीहरु रामबहादुर गुरुङ ज्ञानकला गुरुङ र लालबहादुर तामाङलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४४ बमोजिम जनही रु.३,००,०००।(तीन लाख) जरिवाना र ३(तीन) वर्ष कैद सजाय हुने र निजहरुले लिखतबमोजिम लिए खाएको जाहेरवालाहरुले ड्रामासाही बमोजिम फिर्ता भएको बिगो कट्टा गरि अन्य बिगो र सो को ५०% ले हुने हर्जाना समेत प्रतिवादीबाट जाहेरवालाहरुले भरिपाउँने ठहर्‍याई र अन्य प्रतिवादीहरु सुदिपकान्त मैनाली, सुमनकान्त मैनाली र कूलबहादुर डि.सी. ले अभियोग मागदावीबाट सफाई पाउँने ठहर्‍याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७२।१।२८ मा भएको फैसला सो हदसम्म सदर भई इजाजत नं. १६१-०५६।५७ अरवियन इम्प्लोईमेन्ट कन्सल्टेन्सी प्रा.लि. खारेज नगरेको हदसम्म उल्टी भई इजाजतपत्र खारेज हुने ठहर्छ। अरुमा तपसिलबमोजिम गर्नू

<u>तपसिल</u>

माथि ठहर खण्डमा उल्लेख भएबमोजिम वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसलामा इजाजत नं. १६१-०५६/०५७ अरवियन इम्प्लोईमेन्ट कन्सल्टेन्सी प्रा.लि. खारेज हुने ठहरेकोले उक्त इजाजतपत्र खारेजको लागि वैदेशिक रोजगार विभागमा लेखी पठाइदिनू........................................................................................................१

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू.........................................................................................................२

न्यायाधीश

उक्त रायमा म सहमत छु ।

न्यायाधीश

इजलाश अधिकृतः सूर्यप्रसाद भण्डारी/विकाश कुमार रजक

कम्प्युटर अपरेटर : चन्द्राबती तिमल्सेना

इति सम्वत २०७६ माघ ८ गते रोज ४ शुभम्...........................................